महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

औरही नगरपालिका

महोत्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

औरही नगरपालिका

महोत्तरी



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

औरही नगरपालिका

महोत्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ८० मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू ,
औरही नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
महोत्तरी ।

कैफियत सहितको राय

हामीले औरही नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ६ करोड ५८ लाख ४२ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ७ लाख ३४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ६१ लाख २४ हजार, नियमित गर्नुपर्ने रु २ करोड ८२ लाख ५१ हजार र पेश्की रू. ७ लाख ३३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १७ करोड ९७ लाख १८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु २४ करोड ५५ लाख ६० हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सवेदी)
नायब महालेखापरीक्षक

औरही नगरपालिका, महोत्तरी

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५९	११६	६५८४२	०	०	०	५९	११६	६५८४२	७३४	२८२५१	३६१२४	०	०	६४३७५	७३३

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
औरही नगरपालिकामहोत्तरी	१७९७१८	०		१७९७१८	०	६५८४२	२४५५६०

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : औरही नगरपालिका, महोत्तरी , औरही नगरपालिका , महोत्तरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	निलाम्बर मिश्र	२०७८-८-५	२०७८-१२-२
कार्यालय प्रमुख	सुर्य प्रसाद दाहाल	२०७९-५-२०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	chuda raj bhattarai	२०७८-४-१	२०७८-८-४
लेखा प्रमुख	Manoj Kumar Mahara	२०७८-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	६५,८४१,५९६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१३,९८,०९,०२५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३३,०३,४८,०००	**चालु खर्च**	२३,६२,११,९१०
प्रदेश सरकारबाट अनुदान	३,९९,०५,०००	**पूँजीगत खर्च**	२०,१४,५४,४१०
राजश्व बाँडफाँट	७,९०,८७,६८३	**वित्तीय/अन्य व्यवस्था**	२१,४७,३९,६७४
आन्तरिक आय	५३,०७,५८७		
अन्य आय	१४,०१,९७,२४३		
कुल आय	५९,४८,४५,५१३	**कुल खर्च**	६५,२४,०५,९९४
बाँकी मौज्दात		८,२२,४८,५४४	

क्रम	**भौचर नम्बर**	**भौचर मिति**	**बिषय**	**बेरुजु रकम**

<table>
<tr><td>१</td><td></td><td></td><td>परिचः स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा, ३५.७६ वर्ग किलोमिटर क्षेत्रफल तथा ४०८३४ (राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक नतिजा अनुसार) जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणः यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोवारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोवारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।९।२५ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुलीः लेखापरीक्षणको क्रममा सुरक्षित जनता आवासको रु. २,१०,००० र धार्मिक विद्यालयको बढि निकासा भएको रु. ८०,००० समेत जम्मा रु. २९००००।- असुली भई सञ्चित कोष दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण २७२ एवं एकिकृत आय व्यय विवरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:
<table>
<tr><td colspan="9">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/ सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/ सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>४६,५६,२१,९३०.६७</td><td>३८,०१,७३,५४६.१२</td><td></td><td>३८,०१,७३,५४६.१२</td><td>३६,९९,०४,३८९.०९</td><td></td><td>३६,९९,०४,३८९.०९</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>४६,४३,६४,०७६.४२</td><td>३७,९०,७१,९१०.१२</td><td>०</td><td>३७,९०,७१,९१०.१२</td><td>३६,६९,५२,८९९.०९</td><td>०</td><td>३६,६९,५२,८९९.०९</td></tr>
</table></td><td></td></tr>
</table>

११००० कर	११	८,१८,७८,२३७.००	८,१४,५२,६६४.१०	०	८,१४,५२,६६४.१०	६,९४,७२,६२९.०९	०	६,९४,७२,६२९.०९
१३००० अनुदान		३८,०६,३२,०००.००	२९,४६,७६,६४१.०५	०	२९,४६,७६,६४१.०५	२९,५९,८०,२७०.००	०	२९,५९,८०,२७०.००
संघीय सरकार	१२	३३,४२,२७,०००.००	२५,०३,७१,६४१.०५	०	२५,०३,७१,६४१.०५	२७,५८,२०,२७०.००	०	२७,५८,२०,२७०.००
प्रदेश सरकार	१२	३,९९,०५,०००.००	३,९९,०५,०००.००	०	३,९९,०५,०००.००	२,०१,६०,०००.००	०	२,०१,६०,०००.००
अन्तरिक श्रोत		६५,००,०००.००	४४,००,०००.००	०	४४,००,०००.००	०	०	०
१४००० अन्य राजस्व		१८,५३,८३९.४२	१४,९९,३६४.९७	०	१४,९९,३६४.९७	१५,००,०००.००	०	१५,००,०००.००
१५००० विविध प्राप्ति		०	१४,४३,२४०.००	०	१४,४३,२४०.००	०	०	०
ख. अन्य प्राप्ति		१२,५७,८५४.२५	११,०१,६३६.००		११,०१,६३६.००	२९,५१,४९०.००		२९,५१,४९०.००
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरु		१२,५७,८५४.२५	०	०	०	१०,००,०००.००	०	१०,००,०००.००
धरौटी		०	११,०१,६३६.००	०	११,०१,६३६.००	१९,५१,४९०.००	०	१९,५१,४९०.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		५९,९७,९५,३५१.७९	४३,७७,९४,०२७.०५		४३,७७,९४,०२७.०५	३९,२४,७४,३४९.०६		३९,२४,७४,३४९.०६

ग. भुक्तानी (सञ्चित कोषबाट)		५९,८५,३७,४९७.५४	४३,७६,६६,३२०.०५		४३,७६,६६,३२०.०५	३८,४७,५८,४४३.०६		३८,४७,५८,४४३.०६
२१००० पारिश्रमिक / सुविधा	१८	१०,९८,४६,०००.००	९,९२,४६,५८५.०५	०	९,९२,४६,५८५.०५	९,६९,८८,२२३.६३	०	९,६९,८८,२२३.६३
२२००० मालसामान तथा सेवाको उपयोग	१८	७,८४,८१,६६७.५४	५,८०,१३,३५५.००	०	५,८०,१३,३५५.००	४,३१,२२,७४३.००	०	४,३१,२२,७४३.००
२५००० सहायता (Subsidy)	१८	४५,३७,०००.००	२७,३८,८६०.००	०	२७,३८,८६०.००	३५,७८,७८०.००	०	३५,७८,७८०.००
२६००० अनुदान	१८	१,३६,०५,०००.००	६४,८९,१९५.००	०	६४,८९,१९५.००	१,३८,५४,६९४.००	०	१,३८,५४,६९४.००
२७००० सामाजिक सुरक्षा	१८	२,३०,१५,०००.००	५२,२९,२२५.००	०	५२,२९,२२५.००	४७,६८,५६०.००	०	४७,६८,५६०.००
२८००० अन्य खर्च	१८	६,५३,०७,९००.००	६,४४,९४,६९०.००	०	६,४४,९४,६९०.००	४,६९,७४,५००.००	०	४,६९,७४,५००.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३०,३७,४४,९३०.००	२०,१४,५४,४१०.००	०	२०,१४,५४,४१०.००	१७,५४,७०,९४२.४३	०	१७,५४,७०,९४२.४३
घ. अन्य भूक्तानी		१२,५७,८५४.२५	१,२७,७०७.००		१,२७,७०७.००	३९,२४,७४,३४९.०६		३९,२४,७४,३४९.०६
कोषहरु		१२,५७,८५४.२५	०	०	०	६६,०७,७३६.००	०	६६,०७,७३६.००

धरौटी		०	२,३३,६४०.००	०	२,३३,६४०.००	११,०८,१७०.००	०	११,०८,१७०.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(१,०५,९३३.००)		(१,०५,९३३.००)			
ङ. यो वर्षको बचत (न्युन)		(१३,४१,७३,४२१.१२)	(५,७६,२०,४८०.९३)		(५,७६,२०,४८०.९३)	(२,२५,६९,९५९.९७)		(२,२५,६९,९५९.९७)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			१३,९८,६९,०२४.८९		१३,९८,६९,०२४.८९	१,१२,१३,८८६.७७		१,१२,१३,८८६.७७
वर्षान्तको बाकी रकम (ङ + च)		(१३,४१,७३,४२१.१२)	८,२२,४८,५४३.९६		८,२२,४८,५४३.९६	(१,१३,५६,०७३.२०)		(१,१३,५६,०७३.२०)
बैंक तथा नगद बाकी	२४		८,२२,४८,५४३.९६		८,२२,४८,५४३.९६	१३,३४,०६,१४५.८९		१३,३४,०६,१४५.८९

आ. व. २०७८/७९ को एकिकृत आय व्यय विवरण

विवरण	शिर्शक	आम्दानी	जम्मा	शिर्षक	खर्च	जम्मा
१	गत बर्षको जिम्मेवारी		१३९८०९०२५	चालु खर्च न पा तर्फ		१३,९४,९९,१११
	बैक मौज्दात	१३४१७३४२१		नेपाल सरकार समानिकरण	१७,८८,५७३	
	धरौटी मौज्दात	४३७७७५०		संघीय सरकार	५,४०,८३,४३८	

				राजस्व बाँडफाँड		
	प्रकोप मौज्दात	१२५७८५४.२५		प्रदेश सरकार राजस्व बाँडफाँड	३,३०,२५२	
२	राजश्व बाँडफाँड		७,९०,८७,६८३	स्थानीय सरकार राजस्व बाँडफाँड	१४,९९,९५०	
	राजश्व वाडफाड प्रदेश सरकार	२१,८३,२३३		आन्तरिक श्रोत	८,१७,९६,८९८	
	राजश्व वाडफाड स्थानीय सरकार	२८,७७,४०५		चालु खर्च ससर्त तर्फ		९,६७,१२,७९९
	राजश्व वाडफाड संघीय सरकार	७,४०,२७,०४५		नेपाल सरकार ससर्त अनुदान	९,६७,१२,७९९	
३	संघिय अनुदान		३३,०३,४८,०००	पुजिगत खर्च न पा तर्फ		१४,१६,०५,९२७
	संघीय वित्तिय समानिकरण अनुदान	११,०८,००,०००		नेपाल सरकार समानिकरण	८,२२,६५,२२३	
	संघीय सशर्त अनुदान	१९,२५,४८,०००		संघीय सरकार राजस्व बाँडफाँड	७१,३३,३०१	
	संघीय समपुरक अनुदान	२,७०,००,०००		राजश्व वाडफाड स्थानीय सरकार	११,१८,९६५	
	संघीय विषेश	०		आन्तरिक श्रोत	४,६८,८८,३९७	
४	प्रदेश सरकार अनुदान		३,९९,०५,०००	प्रदेश सरकार समानिकरण	४२,००,०४१	
	प्रदेश वित्तिय समानिकरण अनुदान	७४,०५,०००		पुजिगत खर्च ससर्त तर्फ		५,९८,४८,४८३
	प्रदेश सशर्त	२,७५,००,०००		संघीय सरकार	४,२८,५८,८४२	

	अनुदान			ससर्त		
	प्रदेश समपुरक	२०,००,०००		प्रदेश सरकार ससर्त	१,२०,८३,५३४	
	प्रदेश विषेश	३०,००,०००		प्रदेश सरकार विषेश	२९,०६,१०७	
५	आन्तरिक स्रोत		५३,०७,५८७	प्रदेश सरकार समपुरक	२०,००,०००	
	आन्तरिक राजश्व	५३,०७,५८७		प्रकोप व्यवस्थापन कोष	०	०
६	प्रकोप व्यवस्थापन कोष	०		धरौटी खाता	१,७३,६४०	१,७३,६४०
७	धरौटी खाता	११,०१,६३६	११,०१,६३६	सामाजिक सुरक्षा	११,४५,९४,९१२	११,४५,९४,९१२
८	सामाजिक सुरक्षा	११,४५,९४,९१२	११,४५,९४,९१२	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१,९९,९४,७६२	१,९९,९४,७६२
९	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१,९९,९४,७६२	१,९९,९४,७६२	जम्मा खाता अनुसार बैक मैज्दात		८,२२,४८,५४५
१०	सडक वोर्ड	४४,००,०००	४४,००,०००	बैंक मौज्दात अन्तरीक स्रोत (संकोष)	७,५६,८४,९४४	
११	कटी रकम दाखिला गर्न बाँकि	१,०५,९३३	१,०५,९३३	धरौटी खाता	५३,०५,७४६	
				प्रकोप व्यवस्थापन कोष	१२५७८५४.२५	
				संघीय सरकार	७,९९,७६,३५९	७,९९,७६,३५९

				अनुदान फिर्ता		
	जम्मा	७३,४६,५४,५३८	७३,४६,५४,५३८	जम्मा	७३,४६,५४,५३८	७३,४६,५४,५३८

५ **वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्

- पालिकाले SuTRA मा सामाजिक सुरक्षा तथा संरक्षण र संघतर्फको अन्तरसरकारी अख्तियारीको रकम समावेश गरेको छैन । SuTRA मा उल्लेखित सबै कारोवार समावेश गर्ने व्यवस्था मिलाउनु पर्दछ ।
- पालिकाको प्रमाणित एकिकृत आय व्यय विवरणमा आन्तरिक आय प्राप्त भनी रु. ५३,०७,५८७/-, जनाएकोमा उक्त आम्दानी जनाएको रकम प्राप्त भएको श्रोत उल्लेख नभएकोले उक्त आम्दानी जनाएको रकम सम्बन्धमा एकिन गरी श्रोतको पुष्ट्याई गर्नुपर्दछ ।
- संघीय सरकारमा फिर्ता गरेको रकम रु. ७,९९,७६,३५९/- वित्तीय विवरण सुत्र २७२ मा घटाएको तर एकिकृत आय व्यय विवरणमा देखाएकोले उक्त दुई विवरणमा फरक परेको देखिन्छ ।
- लेखापरीक्षणका क्रममा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

६ **वित्तीय विवरणको यथार्थता:** आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवारको लेखाङ्कन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । तर सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११,४५,९४,९१२/- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १,९९,९४,७३२/- समेत गरी रु १३,४५,८९,६४४/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरणले यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ, पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

७ **फरक हिसाव:** पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्ति रु. २१,४५,६६,३३४।, यस वर्षको खर्च रु.२१,४६,११,९६६/- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति (आय)**	**यस वर्षको खर्च (व्यय)**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	१३९८६९०२५	३८०१७३५४६	४३७७९४०२७	८२२४८५४४

			<table><tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>१३९८०९०२५</td><td>५९४७३९८८०</td><td>६५४६७८१७९</td><td>८२२४८५४४</td></tr><tr><td>फरक</td><td>०</td><td>२१४५६६३३४</td><td>२१४६११९६६</td><td>०</td></tr></table>	
८			**दायित्व भुक्तानीः** पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु १,०५,९३३/- देखाएको छ । यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.	१०५,९३३
९			**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन: • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पुर्णरुपमा अद्यावधिक गरेको पाईएन, • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन, • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन, • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन, • पालिकाले कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रमहरु संचालन गर्दा खर्न गर्ने गरेको, • पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन, • पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन, • सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ, • निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत २५ जना कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन, • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण प्रतिवेदन दिने गरेको पाइयो, • ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार	

गरेको पाइएन,

- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता दिनुपर्ने व्यवस्था छ। भ्रमण तथा अनुगमन वापत रु १० लाख ६४ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ११ लाख ७५ हजार खर्च गरेकोमा खाना खाजा मा रु. ५ लाख ६२ हजार खर्च भएको छ जुन आन्तरिक आयको १२.४५ प्रतिशत हो । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण मितव्ययिता कायम गर्नु पर्दछ,
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन,
- कट्टी गरेको कतिपय कर रकमको दाखिला खर्चको गोश्वारा भौचरसाथ संलग्न गर्ने नगरेको,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,
- दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन,
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टी-डि-एस गरेको पाइएन,
- योजना अनुगमन नगर प्रमुखबाट हुने गरेको,
- उपभोक्ता समिति संस्था दर्ता ऐन २०३४ को दफा ३ अनुसार दर्ता भएको पाइएन,
- पालिकाले आर्थिक ऐन २०७८ बमोजिमको व्यवसाय कर, सम्पत्ति कर, मनोरञ्जन कर र विज्ञापन कर लिने गरेको पाइएन,
- राजश्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैङ्किङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन,
- उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि बमोजिम उपभोक्ता समितिले प्रयोग गर्नुपर्ने अनुसूची फारमहरु पूर्णरुपमा प्रयोग गर्ने गरेको देखिएन,

- उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि बमोजिम उपभोक्ता गठन गर्दा समितिका पदाधिकारीहरु कुनै लाभको पदमा नरहेको भनी स्वयंम घोषणा पेश गर्नुपर्नेमा पेश गर्ने गरेको देखिएन,
- कतिपय योजनाहरुको अनुगमन प्रतिवेदनमा अनुगमन समितिका सबै सदस्यहरुको दस्तखत नभई केहि सदस्यहरुको मात्र हुने गरेको,
- समयमा पेश्की फछ्र्यौट गर्ने गरेको पाइएन,
- कार्यक्रमगत तथा योजनागत खाता नराखेकोले यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **बजेट तथा कार्यक्रमः बजेट पेश, पारित र अख्तियारी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस **पालिकाको उप प्रमुखले बजेट सभा समक्ष पेश नगरी नगर प्रमुख** श्री सुनिल कुमार यादवले मिति २०७८।३।१० मा रु. ५३ करोड ५० लाख ५६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।३।२४ मा पारित भएको छ ।

११ **त्रैमासिक खर्चः** पालिकाले त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले पुँजीगततर्फको त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	**कुल खर्च**	**त्रैमासिक खर्च**				
		प्रथम त्रैमासिक	**दोस्रो त्रैमासिक**	**तेश्रो त्रैमासिक**	**चौथो त्रैमासिक**	**अषाढ मसान्त**
पूँजिगत खर्चतर्फ	२२१४४९१७२	१९००००००	३६५९०४२२	४६७८८०८५	१३६१७०६६५	८८२७२८८६
प्रतिशत	**१००**	**०.८५**	**१६.५२**	**२१.११**	**६१.४९**	**३९.८६**

विवरण अनुसार वार्षिक रु. २२ करोड १४ लाख निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १९ लाख अर्थात ०.८५ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ३ करोड ६५ लाख अर्थात १६.५२ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ४ करोड ६७ लाख अर्थात २१.११ प्रतिशत, अन्तिम त्रैमासिकमा रु. १३ करोड ६१ लाख अर्थात ६१.४९ प्रतिशत र अषाढ मसान्तमा मात्र रु. ८ करोड ८२ लाख अर्थात ३९.८६ प्रतिशत खर्च गरेको देखिन्छ । आर्थिक वर्षको अन्तमा खर्च गर्ने कार्यमा नियन्त्रण गरी स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत जम्मा खर्चको तुलनामा**	**खर्च प्रतिशत बजेटको तुलनामा**

१	आर्थिक विकास	१४००००००	६३१८८१४	१.४४	४५.१३
२	पूर्वाधार विकास	१९५३५७९३०	१४४९०२६२२	३३.१०	७४.१७
३	सामाजिक विकास	२५९८५५०००	१६४१६५९२०	३७.५१	६३.१८
४	सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र	१९८००००	१४६१२७३	०.३३	७३.८
५	कार्यालय संचालन तथा प्रशासनिक	१२७३४४५६७	१२०८१७६९१	२७.६४	९४.८७
जम्मा		**५९८५३७४९७**	**४३७६६६३२०**	**१००**	**७३.१२**

उपरोक्त विवरण अनुसार सभाले बिनियोजन गरेको बजेट वाट यस वर्ष भएको कुल खर्च मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ३७.५१ प्रतिशत र घटीमा सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र ०.३३ प्रतिशत रहेको छ । अन्य क्षेत्र भन्दा पुर्वाधार बिकासको क्षेत्रमा वजेट विनियोजन तथा खर्चलाई बृद्धी गर्नुपर्दछ ।

१३

खर्च बिश्लेषणः पालिकाको कुल आन्तरिक आयबाट रु. ४५ लाख ३१ हजार, राजस्व बाँडफाँड, अनुदान र गत वर्षको अल्या समेत रु. ५८ करोड ९१ लाख ४९ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २३ करोड ६२ लाख ११ हजार र पूँजिगत तर्फ रु. २१ करोड १७ लाख ५५ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०३ प्रतिशत रहेको छ । पदाधिकारी सुबिधामा रु. ८६ लाख ६६ हजार खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा १९१.२७ प्रतिशत रहेको छ भने पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५२.५७ प्रतिशत चालुमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१४

योजना प्राथमिकिकरणः स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले निम्नानुसार ५६ वडागत र १२६ पालिकास्तरका गरी कुल १८२ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाख माथिका योजना सङ्ख्या**	**रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५ लाख भन्दा कमका योजना सङ्ख्या**
१.	पालिकास्तरीय	१२६	२९	३६	५१
२.	वडा स्तरीय	५६	११	२९	१६

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १३१ योजनामात्र कार्यान्वियन (१०९ योजना शत प्रतिशत प्रगति, १९ योजना ७५ प्रतिशत प्रगति र ३ योजना ५० प्रतिशत प्रगति) भई ५१ योजना कार्यान्वियन (शुन्य प्रतिशत) हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१५			**गत विगतको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले २२ योजनाको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ४१,१९,९३०/- भुक्तानी दिएकोमा ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ ध्यान दिनुपर्दछ।	
१६			**योजना तथा वजेट कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष ७० योजना तथा कार्यक्रम कार्यपालिकाको निर्णयबाट थपघट गरी रु. ५ करोड ०३ लाख ३४ हजार रकमान्तर गरेको छ । उक्त रकम वजेटको तुलनामा ८.४१ प्रतिशत हुन्छ । आर्थिक वर्षको अन्त्यमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वियनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।	
१७			**पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट नभई बाँकी उक्त पेश्की रु. ७,३३,०९०/- नियमानुसार फस्यौंट गर्नुपर्ने रु.	७३३,०९०

क्र.स.	पेश्की लिनेको नाम	पेश्की लिएको मिति	विवरण	म्याद ननाघेको	म्याद नाघेको
	कर्मचारी				
१	चन्द्रिका प्रसाद यादव	२०७८।७।१५	कर्मचारीको वैठक भत्ता		३६०००
२	अनिल थारु	२०७८।११।११	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन		३०९०
३	धन बहादुर राई	२०७९।१।१२	प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान		१४५०००
४	चन्द्रिका प्रसाद यादव	२०७९।२।२४	पानी तथा विजुली		७५०००
५	चन्द्रिका प्रसाद यादव	२०७९।२।२४	बीमा तथा नविकरण		७००००
६	शिव शंकर यादव	२०७९।३।९	सभा सञ्चालन खर्च		४०००००
७	कोपिला साह	२०७९।३।२२	मातृ तथा नवजात शिशु कार्यक्रम		४०००
संस्थागत					

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>खानी रौताहा डि एण्ड एन जे भि.</td><td>२०७८।१२।२३ र २०७९।२।२५</td><td>१५ शैयाको अस्पताल निर्माण</td><td>१९९९४७६१</td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१९९९४७६१</td><td>७३३०९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>आर्थिक सहायताः पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विपन्न नागरिकलाई औषधी उपचार खर्च शिर्षक राखी विभिन्न ८१ जना व्यक्तिहरुलाई औषधी उपचार खर्च बापत रु. १२,०१,०००/- आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४६ दरबन्दी स्वीकृत रहेकोमा २५ जना (करार बाहेक) पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, योजना अधिकृत सहित २१ पदहरु रिक्त रहेका छन् । तसर्थ रिक्त पदहरु पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कर्मचारी करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले स्वास्थ्य तर्फका समेत जम्मा ३७ जना कर्मचारीहरु करारमा राखि रु. ६९,४४,४३०/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । माथि उल्लेखित पद वाहेकको १२ जना कर्मचारी करारमा नियुक्ति गरी वर्षभरीमा रु. २९,१४,४७०/-भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td>२,९१४,४७०</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>वडा सचिवको पदपूर्तिः वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहने वडा सचिवको ९ दरबन्दी भएकोमा ५ जनाको पद रिक्त देखिन्छ । रिक्त रहेको उक्त पदमा अन्य सेवाका कर्मचारीलाई जिम्मेवारी दिई कार्य संचालन गरेको देखियो । वडा सचिवको पदपुर्ती गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>सेवा प्रवाहको स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था बमोजिम ६ वटा ऐन, नियम, कार्यविधि लगायतका कानुन निर्माण गरी कार्यान्यिनमा रहेका छन् । यस वर्ष पालिकाबाट भएको सेवाप्रवाह निम्नानुसार छः
<table>
<tr><th>विवरण</th><th>निवेदन दर्ता</th><th>सिफारिस भएको संख्या</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१८४१</td><td>१८४१</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मृत्युदर्ता</td><td>३८६</td><td>३८६</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>३०</td><td>३०</td></tr>
<tr><td>विवाह दर्ता</td><td>६११</td><td>६११</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>४</td><td>४</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>न्यायीक समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर पालिकामा न्यायिक समिति गठन नभएकोले मुद्दा एवं विवाद दर्ता हुन सकेका छैनन्। न्यायिक समितिको गठन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकामा हालसम्म ६ वटा ऐन, २ वटा नियमावली लगायत ८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले कानुनहरु निर्माण गरेता पनि उक्त कानुनहरुको कार्यान्वियन प्रभाकारी रुपमा गरेको देखिएन । पालिकाले निर्माण गरेका कानुनहरुको प्रभाबकारी कार्यन्वयन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोगः स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेख देख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:
• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार, संरक्षण एवं अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ ।
• पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन कोष</td><td></td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>समिति गठन : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम,</td><td></td></tr>
</table>

			कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।	
२५.२			**कार्य योजना :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था भएकोमा पालिकाले ऐन तथा नियमावलीमा तोकिएका उल्लेखित कार्यहरु गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
२५.३			**वार्षिक प्रतिवेदन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षामा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गरी वार्षिक प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पेश गर्नुपर्दछ ।	
२६			**पदाधिकारी सुविधा तथा बजेट**	
२६.१			**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार मधेश प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट यस वर्ष पदाधिकारीको सुबिधामा रु. ८६,६६,५८७/- खर्च भएको छ ।	
२६.२			**स्वकीय सचिव :** मधेश प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा स्थानीय तहका प्रमुख तथा उप-प्रमुखले स्वकीय सचिव /सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । पालिकाले अषाढ महिनामा स्वकिय सचिवको रुपमा एक जना नियुक्त गरी रु. २०,०००/- खर्च गरेको नियमसम्मत नदेखिएको रु.	२०,०००
२७			**अनुदान फिर्ता, वितरण र उपयोग**	
२७.१			**अनुदान :** स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार २०७९ असार मसान्तमा खर्च नभई बाँकी रहेको रु. ९,५४,८६,७१७/- अनुदान मध्ये संघीय सरकारको रु. ७,९९,७६,३५९/- मिति २०७९।४।१ मा र प्रदेश सरकारको रु. १,५५,१०,३५९/- मिति २०७९।७।२० मा फिर्ता दाखिला गरेको छ । पालिकाले खर्च गरी बाँकी रहेको अनुदान रकम समयमै फिर्ता दाखिला गर्नुपर्दछ ।	
२७.२			**अनुदानको अनुगमन :** सार्वजनिक निकायबाट उपलब्ध अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले गत विगत वर्ष देखि स्वास्थ्य, कृषि, पशु, शैक्षिक सेवा र अन्य संस्थालाई बीउपुँजी तथा विभिन्न प्रकारका अनुदान दिने गरेकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको छैन । पालिकाले अनुदान प्रदान सम्वन्धी कानुन बनाई अनुगमनलाई प्रभावकारी बनाउनुका साथै संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।	

२८			**सार्वजनिक पोखरीको आयः** पालिका भित्र १० वटा सार्वजनिक पोखरी रहेकोमा २ वटा पोखरी दई विद्यालयले विगतदेखि आफै ठेक्का लगाई आय आर्जन गरेकोमा उक्त विद्यालयको लेखापरीक्षण प्रतिवेदनमा पोखरीबाट प्राप्त आय रकमलाई आम्दानी जनाएको छैन। साथै, पालिका भित्रका कुनैपनि पोखरी ठेक्कामा लागेको छैनन् भने केहि पोखरी विद्यालय र मन्दिरले उपयोग गरेको छन। सार्वजनिक पोखरीहरुलाई ठेक्का लगाई आन्तरिक आय संकलनमा जोड दिनुपर्दछ।	
२९			**हाटबजार संचालन तथा व्यवस्थापनः** पालिका क्षेत्रभित्र ४ वटा हाटबजार रहेकोमा हाटबजार ठेक्का लाग्न नसकेकोले आन्तरिक आय प्राप्त भएको छैन। हाटबजारलाई व्यवस्थित ढङ्गले ठेक्का लगाई हाटबजार संचालन एवं व्यवस्थापन गरी आन्तरिक आय संकलनमा जोड दिनुपर्ने देखिन्छ ।	
३०			**कर दस्तुर एवं आन्तरिक आय**	
३०.१			**रसिद नियन्त्रण खाताः** पालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचामा नगदि रसिद नियन्त्रण खाता म ले प फा नं ९०४ साविक १०८ तयार नगरेकोले अभिलेख पूर्ण देखिएन। रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट गरी रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ।	
३०.२			**राजश्व विवरण :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली , २०७७ को नियम ५८ मा राजस्व आम्दानी गर्ने प्रत्येक कार्यालयले करदातावाट बैंकमा जम्मा हुन आएको बैंक भौचरको विवरण छुट्टै खातामा प्रविष्टी गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ५९ मा कार्यालयले नियम ५८ बमोजिम राजस्वको आम्दानी जनाउदा जुनसुकै माध्यमबाट प्राप्त भएतापनी त्यस्तो राजस्व आम्दानी र दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक गर्नुपर्ने उल्लेख छ ।	
३०.३			**अभिलेखः** पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।	
३०.४			**राजस्व अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ। पालिकाले राजस्व आम्दानी असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेको र बैङ्क मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन । पालिका तथा मातहातका सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थित गर्ने सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।	
३०.५			**राजश्व असुलीः** नेपालको संविधान २०७२ को अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकार क्षेत्रका विषयहरुको व्यवस्था गरिएको छ। यस पालिकाले आन्तरिक आयको संकलन गर्न विभिन्न क्षेत्रगत शिर्षकमा प्रक्षेपण गरेतापनि पालिका र पालिका अन्तर्गतका वडाहरुले प्रस्तावित आय संकलन गर्न सकेका छैनन्। वडाहरुले उठाउने शिफारिस दस्तुर, मालपोत कर लगायतका अन्य स्रोतहरु पूर्ण रुपले उठाउने गरेको नपाइएकोले राजश्व असुलीलाई भरपर्दो एवं यथार्थपरक बनाउन राजश्व संकलनमा जोड दिनुपर्दछ।	
३०.६			**रकम ढिला दाखिला गर्नेः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ (४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुमध्ये कतिपयले मासिक रुपमा र कतिपयले २, ३ महिना तथा लामो समय पछि दाखिला गर्ने गरेका पाइयो। यसरी समयमा राजश्व रकम दाखिला नगर्दा राजश्व रकमको दरूपयोग भई आन्तरिक आय घट्ने हुदाँ समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।	

३०.७			**राजश्व असुल नगरेको :** पलिकाको आर्थिक ऐन २०७८ मा पालिकाबाट उपलब्ध गराउने सिफारिसहरुको अनुसूची ६ र ६ क मा भएको व्यवस्था बमोजिम निवेदन फारम दस्तुर र सिफारिस दस्तुर लिनुपर्ने भन्ने उल्लेख छ। पालिकाबाट उपलब्ध गराइने पञ्जिकरण तर्फका सिफारिस दस्तुरहरुमा आर्थिक ऐनमा व्यवस्था गरिएको भन्दा घटि शुल्क एवं दस्तुर लिएको छ। आर्थिक ऐनमा भएको व्यवस्था विपरित तोकिएको दरमा शूल्क नलिने कार्य नियम सम्मत नदेखिएकोले यस सम्बन्धमा सम्बन्धित पक्षले ध्यान दिई सेवा शूल्क असुल गर्नुपर्ने देखिन्छ ।	
३०.८			**ट्याक्टर तथा डोजरको आम्दानीः** पालिकाको स्वामित्वमा रहेको ट्याक्टर र डोजरहरुको लग बुक राख्ने नगरकोले के कति समय पालिकाको कार्यमा प्रयोग गरियो तथा कति समय अन्य व्यक्ति एवं फर्ममा प्रयोग भएको भन्ने एकिन गर्न सकिएन। खरिदको उद्देश्य परिपूर्ति तथा राजश्व संकलनलाई भरपर्दो एवं व्यवस्थित बनाउन ट्याक्टर एवं डोजर संचालन अद्यावधिक लगबुकको व्यवस्था अनिवार्य बनाउनुपर्दछ ।	
३१			**सामाजिक सुरक्षा एवं संरक्षणतर्फ**	
३१.१			**सामाजिक सुरक्षा एवं संरक्षण :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी एवं एम आई एस प्रणाली अद्यावधिक, लाभग्राहीको विवरण प्रविष्टि गर्ने, परिच्छेद ६ अनुसारको अनुगमन तथा निरीक्षण, परिच्छेद ७ अनुसार पारदर्शिता र जवाफदेहिता तथा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदाँ र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन।राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग पत्र संख्या २०७८।७९ चलानी नम्बर १३६ मिति २०७८।४।१८ अनुसार पटवा, विन(मुखिया), मलाह(सनही), लोहार र गोढवा जातिलाई दलित वर्ग सो सरह सामाजिक सुरक्षा एवं संरक्षण भत्ता भत्ता वितरण कारवाही कार्यान्वयन नगर्न नगराउन भनी पत्रचार गरेकोमा पालिकाले नविकरणका बखत नै खाता रोक्का राख्नुपर्नेमा सो गरेको पाइएन एवं उक्त थर भएकालाई निकासा गएको एकिन गर्न सकिएन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।	
३१.२			**भत्ता वितरण :** यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन् । • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौता गर्दा सम्झौताको शर्तमा बैङ्कले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि भत्ता वितरणको विवरण अनुसूची ८ अनुसार बैङ्कबाट प्राप्त गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ। तर, बैङ्कले उल्लेखित निष्कृय खाता, र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन। तसर्थः सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकिन गर्न सकिएन।कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैङ्क खातामा भुक्तानी निकासा पश्चात मृत्यु भएका लाभग्राहीहरु बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकिन गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने देखिन्छ। • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस बारे पालिकाले कुनै कारवाही गरेको देखिएन।	

३१.३			**बढि निकासा :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। वडा नं. १, ६ र ८ को नमुना छनौट गरिएकोमा मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी निम्नानुसार बढी खर्च लेखेको रकम रु. २,३६,६८८/- असूल हुनुपर्ने रु.	२३६,६८८

लाभग्राहीको नाम	समूह	विवरण	त्रैमासिक	भुक्तानी रकम
वडा नं. ६				
राम औतार दास तत्मा 2008111300068	ज्येष्ठ नागरिक	मृत्यू मिति २०७८।११।०४	तेस्रो र चौथो	२४०००
तेतरी देवी तत्मा 2007122700639	ज्येष्ठ नागरिक	मृत्यू मिति २०७८।११।१०	तेस्रो र चौथो	२४०००
सीता देवी कानु २००४१२२४००९१४	ज्येष्ठ नागरिक	मृत्यू मिति २०७८।१०।२५	तेस्रो र चौथो	२४०००
भगीया देवी यादव १९९३१२२५००१३४	ज्येष्ठ नागरिक	मृत्यू मिति २०७८।१२।३०	चौथो	१२०००
मोहिचन साह कानु 1999122400325	ज्येष्ठ नागरिक	मृत्यू मिति २०७९।३।२५	चौथो	१२०००
वडा नं. ८				
उर्मिला देवी २००८०३१००००४२६	ज्येष्ठ नागरिक	मृत्यू मिति २०७८।११।१४	तेस्रो र चौथो	२४०००
जसोधिया देवी १९९८०९१२०१२८९	ज्येष्ठ नागरिक	मृत्यू मिति २०७८।१२।२५	तेस्रो र चौथो	२४०००
राम औतार दास १९९९९०९२४००१५१	ज्येष्ठ नागरिक	मृत्यू मिति २०७८।११।१५	तेस्रो र चौथो	२४०००
रजिन्द्र साह २०१४०९२३००२४२	ज्येष्ठ नागरिक	मृत्य मिति २०७९।१।१५	चौथो	१२०००
जसोधिया देवी चौधरी ९२०२०९००७५६	ज्येष्ठ नागरिक	मृत्यू मिति २०७९।३।९	चौथो	१२०००
रियान्स मण्डल 2078071902278	बालबालिका	खातामा दोहोरो रकम भुक्तानी भएको	पहिलो देखि चौथो	६३८४
रियान्स कुमार यादव 2078021603984	बालबालिका	खातामा दोहोरो रकम भुक्तानी भएको	पहिलो देखि चौथो	६३८४
रियान्सु मण्डल 2078060505124	बालबालिका	खातामा दोहोरो रकम भुक्तानी भएको	पहिलो देखि चौथो	६३८४

सोनाली कुमारी यादव 2073071206952	बालबालिका	खातामा दोहोरो रकम भुक्तानी भएको	पहिलो देखि चौथो	६३८४
वडा नं २				
प्रिन्स यादव	बालबालिका	खातामा दोहोरो रकम भुक्तानी भएको	पहिलो देखि चौथो	६३८४
वडा नं. ५				
निशान यादव	वालवालिका	खातामा दोहोरो रकम भुक्तानी भएको	पहिलो देखि चौथो	६३८४
रितेश कुमारी मुखिया ०७५०५०६०९४९४	बालबालिका	खातामा दोहोरो रकम भुक्तानी भएको	पहिलो देखि चौथो	६३८४
जम्मा				**२३६६८८**

३१.४			**बाँकी रकम फिर्ता** : पालिकाबाट सामाजिक सुरक्षा एवं संरक्षण भत्ता वितरण गर्न सिटिजन्स वैंक लिमिटेडलाई रु. ११,४५,९४,९१२/- निकाशा गरेकोमा वैंकले लाभग्राहिको खातामा रकम जम्मा गरी बाँकी भएको एवं खातामा दोहोरो गएको रकम रिभर्स गरी रु. २४,५४,८३२/- फिर्ता भएको देखिन्छ। लाभग्राहीको खाताको स्टेटमेन्ट माग गरी चेक गर्दा दोहोरो भुक्तानी हुन सक्ने देखिएकोले त्यस्ता लाभग्राहीहरुको पहिचान गरी बैंकले दोहोरो रकम फिर्ता गर्नुपर्ने देखिन्छ। लेखापरीक्षणका क्रममा वडागत विवरणको नमुना परीक्षण गर्दा मृत्यू भईसेकेकाले पाउने रकम मृत्यू भएको दिनसम्म गणना गरी लाभग्राहीको परिवारलाई निवेदन आएमा दिने तथा बैंङ्कमा रहेको निष्कृय खाताको सम्पूर्ण रकम संचित कोषमा दाखिला गर्नुपर्दछ । बाँकी वडाहरुको हकमा पालिकाले लाभग्राहीको मृत्यु एव अन्य कारणबाट सामाजिक सुरक्षा भत्ता बैङ्कबाट नझिकेको अवस्थामा निष्कृय खाताको विवरण माग गरी रकम यकिन गरेर संचित कोषमा दाखिला गर्नुपर्दछ ।	
३१.५			**दोहोरो निकासा :** यस पालिकामा सामाजिक सुरक्षा तथा संरक्षण प्राप्त गर्ने लाभग्राहीहरुको पालिकाबाट forward feed बाट गएको लाभग्राही विवरण अनुसार बैंकले दोहोरोपना एकिन नै नगरी खाता खोलिएको छ। एक त्रैमासिकमा मृत्यू भएको तथा अन्य कारणले लगतकट्टा भएका लाभग्राहीहरुको विवरण पालिकाले एम.आई.एस प्रणालीमा अद्यावधिक नै नगरी को.ले.नि.का सँग निकासा माग गरेको तथा बैंकमा पनि सोही बमोजिमको रकम पालिकाले निकासा दिएकोले दुई फरक लाभग्राही नम्बर (Personal Id) भएका तर एउटै नाम (जस्तै Name Spelling, Caste) भई एक लाभग्राहीको खातामा एकै त्रैमासिकमा दोहोरो सामाजिक सुरक्षा एवं संरक्षण भत्ता भुक्तानी भएको देखिन्छ। बैंकले केहि लाभग्राहीहरुको दोहोरो परेको भनी रकम फिर्ता गरेता पनि लेखापरीक्षणको क्रममा समेत दुई फरक लाभग्राही नम्बर भएको तर एउटै व्यक्तिको खातामा दोहोरो भत्ता जम्मा भएको व्यक्तिहरुको विवरण बैंकलाई दिई रकम फिर्ता गरिएको छ। अन्य लाभग्राहीहरुको हकमा समेत दुई फरक लाभग्राही नम्बर भएको तर एउटै व्यक्तिको खातामा दोहोरो भत्ता जम्मा भएको विवरण एकिन गरी जम्मा भएको भत्ता रकम दोहोरो पर्न गएकोले खाताबाट पालिकामा फिर्ता पठाई यस्तो खाता बन्द गर्नुपर्ने तथा उक्त रकम फिर्ता पठाउनु पर्ने देखिन्छ। कुनै लाभग्राहीले एक किसिमको सामाजिक सुरक्षा तथा संरक्षण भत्ता प्राप्त गर्ने गरकोमा दुई फरक लाभग्राही नम्बर भएको तर एउटै व्यक्तिको भई दुई फरक किसिमको भत्ता समेत खातामा गएको देखिन्छ । पालिकाले सम्पूर्ण लाभग्राहीहरुको नविकरण गर्दाका बखत नै कुन लाभग्राहीले कुन किसिमको भत्ता प्राप्त गर्ने हो एकिन गरी दोहोरो लाभग्राही नम्बर एम आई एस प्रणालीमा अद्यावधिक गर्नुपर्ने देखिन्छ तथा दोहोरो	

लाभग्राही नम्बर भएका लाभग्राहीहरुको खातामा जम्मा भएको दोहोरो रकम समेत पालिकाले एकिन गरी जम्मा भएको दोहोरो भत्ता रकम फिर्ता पठाउनु पर्दछ। यस सम्वन्धि केही उदाहरणका निम्नानुसार छन ।

खाता नम्बर	**लाभग्राही नम्बर**	**लाभग्रहीको नाम**
वडा नं. १		
0660100000436021	2074021007649	Aandad Kumar Raut
0660100000436021	2073061010661	Aankesh Kumar Raut
0660100003090021	2077022703033	Prince Kumar Kapar
0660100003090021	2074102009639	Prince Kumar Kapar
वडा नं २		
0660100000455023	2011110600934	Ram chanra Sada Mushar
0660100000455023	2011123020419	Ramchandra Sada
0660100003211021	2075081205627	Aashika Kumari Sada
0660100003211021	2074071307931	Aashika Kumari Sada
0660100001900021	2075090403031	Aayush Kumar Mahara
0660100001900021	2075090384595	Aayush Kumar Sada
वडा नं ३		
0660100000645023	1994100900524	Phulo Devi
0660100000645023	2003121701686	Phulo Devi
0660100000188023	1997072800507	Ram Walam Ray
0660100000188023	1997072800395	Ramvalam Ray
0660100001425023	2015123100006	Brahaniya Devi
0660100001425023	2015123096881	Brahaniya Devi
वडा नं. ४		

0660100001682021	2076040107391	Aankush Kumar Yadav
0660100001682021	2076051904967	Aankush Kumar Yadav
0660100001127021	2074010204603	Aashik Kumari Das
0660100001127021	2075010103232	Kirti Kumari Das
वडा नं. ५		
0660100000814010	2016010114779	Ram birksh Khatwe
0660100000814010	2016010115073	Rambriksha Khatbe
0660100000951023	2010123131069	Jagiya Devi
0660100000951023	2010102600456	Jagiya Devi
वडा नं ६		
0660100000495023	2002010405623	Ganga Das Tatma
0660100000495023	2008092800094	Gamgaram Das Tamma
0660100000682010	2004020506218	Sarada Devi
0660100000682010	2004020502001	Sharda Devi Yadav
वडा नं ८		
0660100000977023	2005092400156	Sudamiya Devi
0660100000374023	2007051508797	Tetari Devi Mahato
0660100000977023	2012031600128	Sumintra Devi
0660100000374023	2010072100115	Tetari Devi Mahato
वडा नं ९		
0660100000922010	2007122004043	Ram Dulari Devi Kalwar
0660100000922010	2007123263645	Ramdulari Devi Kalawar

0660100003077021	2077042703104	Dityans Chaudhari
0660100003077021	2076092204583	Diwyansu Kumar Yadav

यसरी एउटै लाभग्राहीहरुको लाभग्राही नम्बर र नामको स्पेलिङ्ग फरक पर्नाले सुरक्षा एवं सरक्षण भत्ता प्राप्त गर्ने किसिम नै फरक पारी एउटै खातामा दोहोरो भत्ता रकम जम्मा भएकोले अन्य Duplicate विवरण भएका लाभग्राहीहरुको समेत पालिकाले विवरण एकिन गरी लाभग्रहीहरुको विवरण एम आई एस प्रणालीमा अद्यावधिक गर्ने तथा दोहोरो जम्मा भएको रकम समेत फिर्ता गर्नुपर्दछ।

३२

पालिका चालुतर्फ

खर्च शिर्षक : महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयवाट जारी एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र व्याख्या, २०७४ को खण्ड ३ मा खर्चका संकेत तथा बर्गिकरण र व्याख्यामा कुन कुन शिर्षकमा के के खर्च समावेश हुन्छन भनेर स्पष्ट बर्गिकरण र व्याख्या गरीएको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) मा रकम स्वीकृत वजेट भित्र र सम्वन्धित शिर्षकमा पर्दछ र खर्च गर्न वाँकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार खर्च सम्वन्धित शिर्षकवाट नलेखी फरक शिर्षकवाट लेखेको नियमसम्मत नदेखिएको रु.

गो.भौ. नं. र मिति	खर्चको विवरण	खर्च लेख्नुपर्ने शिर्षक	खर्च लेखेको शिर्षक	खर्च रकम
४३७।२०७९।३।१५	भवन उत्घाटन कार्यक्रम	विविध	सवारी साधन तथा मेशिनरी औजार भाडा	४६५००
	स्वास्थ्य शिविर सञ्चालन	स्वास्थ्य सम्बन्धी	मेशनरी तथा औजार मर्मत तथा संचालन	३५०००
३५१।२०७९।२।१०	खाजा तथा नास्ता	विविध	अन्य कार्यालय संचालन खर्च	५७१५०
जम्मा				**१३८६५०**

१३८,६५०

३३

सांस्कृतिक तथा विविध कार्यमा खर्चः सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले विभिन्न किसिमका अनुत्पादक प्रयोजनमा खर्च गर्ने गरेको देखियो । पालिकाले यस वर्ष धर्म संस्कृति कार्यक्रम एवं धर्म संस्कृति प्रवर्द्धनका लागि वादवाधन खरिद शिर्षक राखी जम्मा रु. १३०४९३० खर्च गरेको छ भने कार्यालयका कर्मचारी, जनप्रतिनिधि र महिला स्वयंमसेविका पिकनिक अनुगमन भ्रमण एवं विद्यालय शिक्षक शैक्षिक भ्रमण शिर्षक राखी जम्मा ८,००,५८०/- खर्च लेखेको छ। पालिकाले यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।

३४

अन्य कार्यालयको खर्चः स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

गो.भौ. नं. र मिति	खर्च व्यहोरिएको कार्यालय	प्रयोजन	खर्च रकम
७२।२०७८।८।०५	सशस्त्र प्रहरी बल नेपाल	फर्निचर्स खरिद	३८४००

१३३।२०७८।९।२५	इलाका प्रहरी कार्यालय	गाडी मर्मत	१९९१७
जम्मा			**५८३१७**

३५			**घर भाडाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ (१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय जिल्ला विकास समिति र को. ले. नि. का. को सूचना पाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिका भवन तथा विभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागी घरभाडा बापत रु. १६,१३,३००/-भुक्तानी गरेकोमा नियमावलीमा भएको व्यवस्था बमोजिम घरभाडा निर्धारण समितिले घरभाडा रकम तय गरेको देखिएन । पालिकाले ऐन नियममा भएको व्यवस्थाको पुर्ण पालना गरेर मात्र खर्च गर्नुपर्दछ।	
३६			**सवारी साधन भाडाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम आय सेवामा समेत लागत अनुमान तयार गर्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमितहुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने तथा नियमावलीको नियम ८५(१घ) मा रु.१० लाख भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था छ । पालिकाले विभिन्न व्यक्ति एवं कम्पनीसँग सोझै सम्झौता गरी वार्षिक भाडा रु.२३,०४,३३०/- भुक्तानी गरेको देखिन्छ । यसरी ऐन तथा नियमावलीको व्यवस्था विपरित सम्झौता गरी भाडा वापत भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.	२,३०४,३३०
३७			**विद्युत सेवा र रिवेटः** सार्वजनिक खर्चलाई मितव्यी तथा प्रभावकारी वनाउने सम्वन्धी मापदण्ड २०७८ मा सार्वजनिक निकायले खर्च गर्दा मितव्ययिता अपनाउनु पर्ने उल्लेख छ । पालिकाले तिर्नुपर्ने विद्युत महशुल वापतको रकम लामो समयसम्म नतिर्दा जरिवाना शुल्क रु. ७७,४१३/- थप भुक्तानी गरेको देखिन्छ । पालिकाले समयमै विद्युत महुशुल भुक्तानी गरी खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।	
३८			**जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।	
३९			**सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
४०			**गैर सरकारी संस्था मार्फत खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली	१५,०५१,६८३

मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ । साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ । तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको र संस्थाले खर्च गर्दा प्रदेश खर्च मापदण्डको पालना नगरेको अवस्था छ । पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ । साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी गरेको पाईयो । आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी दिएको रकम रु. १,५०,५१,६८३/- नियमसम्मत नदेखिएको रु.

भौ.नं. र मिति	**विवरण**	**संस्थाको नाम**	**भुक्तानी रकम**
९७।२०७८।९।२८	ज्येष्ठ नागरिक सम्मान कार्यक्रम	दलित पिछडावर्ग विकास केन्द्र	४९८०५४
१०२।२०७८।९।१८	ज्येष्ठ नागरिक सम्मान कार्यक्रम	सामाजिक जनचेतना अभियान नेपाल	३९७५७४
१५८।२०७८।९।३०	सरसफाई सम्बन्धी कार्यक्रम	समाज विकास संस्था	४४८०००
१८७।२०७८।१०।१३	कोभिड १९ सम्बन्धी जनचेतनामुलक कार्यक्रम	उन्नत नेपाल	४९९०००
१८८।२०७८।१०।१३	स्यानिटरी बनाउने तालिम	इन्भाईट इन नेपाल	४९९०००
२३६।२०७८।११।२५	लागू औषध न्यूनिकरण कार्यक्रम	भिजन नेपाल	३९७९००
२३७।२०७८।११।२५	महिला सशक्तिकरण कार्यक्रम	जन जागरण नेपाल (६१०५८३३७९)	४३१८९०
२४२।२०७८।११।२६	दहेज प्रथा उन्मुलन सम्बन्धी कार्यक्रम	समाज विकास संस्था (६०८४८३८५६)	१४९०००
२४९।२०७८।११।३०	वाल विवाह विरुद्व सचेतनामुलक कार्यक्रम	तराई अपाङ्ग कल्याण संघ महोत्तरी	४९८५००
२५६।२०७८।१२।१	वाल वालिकाको अधिकार सम्बन्धी कार्यक्रम	मानव उद्वार सेवा केन्द्र (६१५९१८९७८)	३९९०००
२६९।२०७८।१२।२	वाल विवाह र वहुविवाह सम्बन्धी जनचेतना कार्यक्रम	जलेश्वर युवा कमिटि (३०४२१२२५७)	३९७६००
२८२।२०७८।१२।१५	विद्यालय छात्रा आत्मरक्षा कार्यक्रम	शान्ति तथा विकासका लागि युवा संजाल महोत्तरी (३०४२१६२१७)	३९९०००
३०६।२०७८।१२।२५	एकल महिला क्षमता वृद्धि गर्ने कार्यक्रम	समावेशी मिल्लन्त समाज (३०५३६१७०५)	४५००००

३२१।२०७९।१।६	युवा नेतृत्व विकास स्वरोजगार कार्यक्रम	ज्योति समाज सेवा कल्याण (३०१८३१५६१)	३९८९६२
३२४।२०७९।१।८	प्रजनन स्वास्थ्य कार्यक्रम	युवा एकता सशक्तिकरण संस्था (६०५५४६१७२)	३८३९२८
३२५।२०७९।१।८	वैदेशिक रोजगार कार्यक्रम	केयर द नेशन (६०८३४८८०)	३९८०००
३२६।२०७९।१।८	वडास्तरिय न्यायिक समिति तालिम	सृजनशिल महिला उत्थान केन्द्र (३०४९६९४६३)	३४९०००
३१९।२०७८।१२।३०	महिला अधिकार सम्बन्धी सचेतनामुलक कार्यक्रम	लोक कल्याण परियोजना (६१४८६६७८८)	४९९०००
३७३।२०७९।२।२५	लागु पदार्थ सेवन तथा त्यसबाट पर्ने असर सम्बन्धी सडक नाटक	महिला दलित जनजाति परोपकारी विकास नेपाल (६१४८२२९७७)	२७९०००
२५४।२०७८।१२।०१	व्यूटिसियन तालिम	दलित महिला समाज विकास (६०८२७३३७८)	४९९०००
२५८।२०७८।१२।१	मैनवत्ती बनाउने तालिम	उज्यालो नेपाल (६११५८७४४८)	३९९०००
२६०।२०७८।१२।०१	सिपमुलक अगरबत्ती बनाउने तालिम	ओएसिस नेपाल (६१६५१०४६७)	२९९०००
२६७।२०७८।१२।०२	अगरबत्ती बनाउने तालिम	सोनामाई महिला उत्थान संस्था (६१६१९८९६८)	३९२०००
२८०।२०७८।१२।१५	व्यूटि पार्लर तालिम	लोक कल्याण परियोजना (६१४८६६७८८)	४९९०००
२९२।२०७८।१२।२०	साबुन बनाउने तालिम	महिला सशक्तिकरण केन्द्र (३०२८७०४६०)	४९८०००
२९७।२०७८।१२।२३	व्यूटिपार्लर तालिम	नेपाल महिला दलित उत्थान केन्द्र (६१४८२२९०६)	४९९०००
३३६।२०७९।१।१३	व्यूटिसियन तालिम	महिला दलित जनजाति तालिम विकास नेपाल (६१४८२२९७७)	४९९०००
३४१।२०७९।१।१६	वाल विवाह सम्बन्धी जनचेतना कार्यक्रम	रामपुतन भगवान समाज विकास केन्द्र (६०८७१३८३८)	४१४०००
३४२।२०७९।१।१९	गुडिया बनाउने तालिम	यामुना ट्रेनिङ्ग एण्ड कन्सल्टेन्सी नेपाल (६१५०६५४५६)	४९५०००
३७४।२०७९।२।२५	महिला हिंसा तथा वालवालिका सम्बन्धी	चन्द्रेश्वर समाज विकास केन्द्र (६०५०८३५४३)	२९९०००

	अभिमुखीकरण गोष्ठि		
३७५।२०७९।२।२५	सरफ बनाउने तालिम	नेपाल महिला दलित उत्थान केन्द्र (६१४८२२९०६)	२९९०००
४४०।२०७९।३।२३	गर्भपतन सम्बन्धी जनचेतना कार्यक्रम	समाज कल्याण परियोजना विकास केन्द्र (६१६५७००१८)	२९९०००
४४१।२०७९।३।२३	वाल सरोकार सकारात्मक सोच कार्यक्रम	महोत्तरी मधेशी महिला जागरण	४९९०००
४५८।२०७९।३।२४	प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम	प्रजनन स्वास्थ्य सम्बन्धी समाज विकास संस्था (६०८४८३८५६)	१४९०००
४६२।३।२४	मुढा बनाउने तालिम	समुन्नत विकास परियोजना (६१४४८६३४८)	३९८०००
४६३।२०७९।३।२४	दहेज प्रथा उन्मुलन सम्बन्धी कार्यक्रम	पिपल प्रमोट सेन्टर (३०४५३३४८०)	४४९०००
४४८।२०७९।३।२४	लागु औषध मद्यपान र धुम्रपान विरुद्व जनचेतनामुलक सडक नाटक	रुपान्तरण मिडिया प्रा.लि .	३९४२७५
जम्मा			**१५०५१६८३**

४१ **मूल्य अभिवृद्धि कर दाखिला नगरेकोः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अर्न्तगत आपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहेको कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयले मूल्य अभिवृद्धि करको शत प्रतिशत नै तपसिलका फर्मलाई भुक्तानी दिएकोले सो को मूल्य समायोजन प्रमाण पेश गर्नुपर्ने रु. ९४,३२१

गो भौ/मिति	**फर्म/विक्रेताको नाम**	**खरिदको प्रकार**	**विल रकम**	**मू.अ.कर**	**३०% मू.अ.कर**
४४५।२०७९।३।२४	अनुप जनकपुर मिडिया प्रोडक्सन हाउस प्रा. लि (६०६५७५९३३)	नगरको ५वर्षको कामको भिडियो	३९९५००	४५९६०	१३७८८
४४६।२०७९।३।२४	समाज उत्थान युवा केन्द्र (३०५३६४१९३)	ज्येष्ठ नागरिक सम्मान कार्यक्रम	४९८६००	५७३६१	१७२०८

४४७।२०७९।३।२४	समृद्धि कन्सल्टेन्सि ट्रेनिङ्ग एण्ड मिडिया सेन्टर प्रा.लि. (६०९६४८६२३)	सडक दुर्घटना सम्बन्धी जनचेतनामुलक कार्यक्रम	२९९७३२	३८९६५	११६८९
४६४।२०७९।३।२४	समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रालि (६०९५९९५७०)	कार्यालयको कर्मचारीहरुको संगठन तथा व्यवस्थापन (O & M)	४९७२००	५७२००	१७१६०
३३५।२०७९।१।१३	पैरवी कन्सल्टस प्रा.लि	धर्म संस्कृति प्रवर्द्धनका लागि वादवाधन खरिद	४९९४६०	५७४६०	१७२३८
४२०।२०७९।३।१७	उदयश्री एण्ड कम्पनी (६०९९८०२७३)	खेलकुद सामाग्री	४९९४६०	५७४६०	१७२३८
जम्मा					**९४३२१**

४२ **यन्त्र उपकरण सञ्चालनः** पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट नराखेको एवं लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको छ । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राखि लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

क्र.सं.	**सामानको विवरण**	**इन्धन लागत**	**जनशक्ति लागत**	**मर्मत लागत**	**आय**	**खर्च**	**वचत**
१.	जे.सि.वि	०	२८८०००	५४४७५३	०	७७२७५३	-
२.	ट्याक्टर	०	०	०	०	०	०
३.	एम्बुलेन्स	०	०	०	०	०	०

४३ **जिन्सि सामान बरबुझारथः** पालिकाबाट कार्यालय संचालनका लागि उपलब्ध गराएको सवारी साधन, ल्यापटप, कम्प्यूटर, प्रिन्टर लगायत विद्युतीय सामान तथा अन्य जिन्सि सामाग्रीहरु स्थानीय तह निर्वाचन २०७९ मा भाग लिनु हुने वा नहुने सबै पदाधिकारीहरुले मनोनयन दर्ता हुनु अगावै अनिवार्य रुपमा जिन्सि फिर्ता तथा बरबुझारथ गर्नुपर्नेमा पालिकाको साविक मेयर एवं वडाध्यक्षको जिम्मामा रहेका देहायका सामाग्रि लेखापरीक्षण अवधी २०७९।८।२६ सम्म फिर्ता नभएकोले सम्बन्धितबाट जिन्सी सामाग्री फिर्ता लिई जिन्सी अद्यावधिक गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. १,०६१,१८२

पदाधिकारी	सामानको विवरण	परिणाम	दर	मूल्य

मेयर	Dell i5 ल्यापटप	१	६२५००	६२५००
	डेक्सटप कम्प्यूटर	१	६७५१७	६७५१७
	प्रिन्टर canon 2900	१	१५९८९	१५९८९
	टिभी ३२ इन्च	१	३३०००	३३०००
	पलङ्ग	१	९२०८०	९२०८०
	ऱ्याक	१	१९८००	१९८००
	लो बेड	२	१४८९५	२९७९०
	सोफा	१	८५८४१	८५८४१
	रिभलविङ्ग चेयर	१	२४२९५	२४२९५
	AC 1.5 ton	1	116390	११६३९०
	स्टेपलाइजर ५ KVA	2	30510	६१०२०
	स्टेपलाइजर ५ KVA	2	18080	३६१६०
	फोटोकपी मेशिन A3	१	१४३५१०	१४३५१०
	सोफा सेट प्लाष्टिक	३	२००००	६००००
	दराज	१	१२३४५	१२३४५
	प्रिन्टर	१	१५९००	१५९००
	ल्यापटप lenevo	1	७८०००	७८०००
	टि टेवल	३	७३४५	७३४५
वडाध्यक्ष	ल्यापटप डेल i7	१	९९७००	९९७००
जम्मा				१०६११८२

४४	१९	२०७८-६-	**तलव भत्ता भुक्तानीः** सहायक पाँचौ तह सिंकु कुमारी सिंहलाई वेतलवी प्रसुति विदामा वसेको २ महिनाको तलव भत्ता र चाडपर्व भुक्तानी भएको रकम असुल भएको तर थप एवं कट्टी गरिएको कर्मचारी संचयकोष, निवृत्तिभरण र बीमा बापत रु. ३१,९९६/- कट्टी भएको रकम असुल नभएकोले असुल	३१,९९६

<table>
<tr><td></td><td></td><td>२०</td><td>हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>कर कट्टि : आयकर ऐन २०५८ को दफा ८८ मा बैठक भत्ता वा पटके रुपमा अध्ययन गराए वापत भुक्तानिमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने साथै प्यानमा दर्ता भएका फर्ममार्फत खरिद विल भुक्तानिमा १.५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाको देहायका कार्यक्रम सन्चालनको पेश्कि फछ्यौट गर्दा विल भुक्तानिमा कर कट्टा नगरेको रु. ६,५८५/- पेश्कि लिने कर्मचारीबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कार्यक्रमको नाम</th><th>कार्यक्रम सञ्चालन गर्ने कर्मचारीको नाम</th><th>भुक्तानि रकम</th><th>करको किसिम</th><th>कर कट्टि छुट रकम</th></tr>
<tr><td>१५१/२०७९/०३/२४</td><td>तोपे, तोसे तथा लैंङ्कगिक सचेतना कार्यक्रम</td><td>उ. वि. स. अनिल थारु</td><td>२,०८,११०</td><td>१.५%</td><td>३,०९०</td></tr>
<tr><td>१५४/२०७९/०३/२५</td><td>रोजगार सेवा केन्द्र</td><td>मनिस कुमार यादव</td><td>२१,६९०</td><td>१५%</td><td>३,४९५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>६,५८५</td></tr>
